# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सुनकोशी गाउँपालिका

### सिन्धुपाल्चोक




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सुनकोशी गाउँपालिका

सिन्धुपाल्चोक




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सुनकोशी गाउँपालिका

### सिन्धुपाल्चोक


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः बजेट अवण्डा राखि खर्च गरेको, खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. १२७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,
सुनकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १ करोड १४ लाख २८ हजार बेरुजू देखिएको छ। सोमध्ये बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३९ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४२ लाख ६० हजार, नियमित गर्नुपर्ने रु.३२ लाख २४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ७ करोड ६६ लाख १२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ७ करोड ३३ लाख १९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | ९० | ११४२८ | ० | ० | ० | ४७ | ९० | ११४२८ | ३९४४ | ३२२४ | ४२६० | ० | ० | ११४२८ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुनकोशी गाउँपालिका सिन्धुपाल्चोक | ७६६१२ | ० | १४७२१ | ६१८९१ | ० | ११४२८ | ७३३१९ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक , सुनकोशी गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | वीर बहादुर बस्नेत | २०७६-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११,४२८,२३४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २,८५,१५,४२४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,२८,८५,००० | **चालु खर्च** | ३९,०९,८७,२२७.७५ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,०९,९५,००० | **पूँजीगत खर्च** | १५,२४,७६,१०८ |
| **राजश्व बाँडफाँट** | ७,३६,२७,०३०.६८ | **वित्तीय/अन्य व्यवस्था** | ५५,५७,९९३ |
| **आन्तरिक आय** | ३०,१९,५९८.२३ | | |
| **अन्य आय** | १२,२३,६१,५५५.५ | | |
| **कुल आय** | ५७,२८,८८,१८४.४१ | **कुल खर्च** | ५४,९०,२१,३२८.७५ |
| **बाँकी मौज्दात** | | ५,२३,८२,२८०.३२ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्रधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, ७२.८४ वर्ग किलोमिटर क्षेत्रफल तथा १९ हजार ९७६ जनसंख्या रहेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td></td><td></td><td>
एकिकृत आय व्यय<br>
एकिकृत आर्थिक आय-व्यय विवरण<br>
पालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा समावेश नभएको अन्य खर्च शिर्षक बैंक नगदी किताब र कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुपाल्चोकद्धारा प्रमाणित आर्थिक विवरण अनुसारको आधारमा देहायबमोजिम रहेको पाइयो ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th colspan="2">आय</th><th rowspan="2">सि.नं.</th><th colspan="2">व्यय</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको अ.ल्या.</td><td>२८५१५४२४.७</td><td>१</td><td>जि.स.स. अनुदानको खर्च</td><td>५०८२५१५</td></tr>
<tr><td>२</td><td>समानिकरण अनुदान संघ</td><td>११५६०००००</td><td>२</td><td>समानिकरण अनुदान संघको पूजीगत खर्च</td><td>३७२१०७४६</td></tr>
<tr><td>३</td><td>समानिकरण अनुदान प्रदेश</td><td>९९१८०००</td><td>३</td><td>समानिकरण अनुदान संघको चालु खर्च</td><td>६५८०९७४६</td></tr>
<tr><td>४</td><td>राजस्व बाडफाड संघ</td><td>५५१५१९२४.०५</td><td>४</td><td>राजस्व बाडफाड संघको पूजीगत खर्च</td><td>५२५७७९४९</td></tr>
<tr><td>५</td><td>सवारी कर बाडफाड प्रदेश</td><td>१८४७५१०६.६३</td><td>५</td><td>राजस्व बाडफाड संघको चालु खर्च</td><td>३५१२५८३</td></tr>
<tr><td>६</td><td>सशर्त अनुदान संघ</td><td>२१७२८५०००</td><td>६</td><td>सशर्त अनुदान संघको पूजीगत खर्च</td><td>२९७५६७०</td></tr>
<tr><td>७</td><td>सशर्त अनुदान प्रदेश</td><td>२१०७७०००</td><td>७</td><td>सशर्त अनुदान संघको चालु खर्च</td><td>१८३६७०८१८.९</td></tr>
<tr><td>८</td><td>समपुरक अनुदान प्रदेश</td><td>१०००००००</td><td>८</td><td>समपुरक अनुदानको पुँजीगत खर्च</td><td>८९६४९००</td></tr>
<tr><td>९</td><td>जि.स.स. अनुदान</td><td>५०८२७४२</td><td>९</td><td>समानिकरण अनुदान प्रदेशको चालु खर्च</td><td>१९९५४३</td></tr>
<tr><td>१०</td><td>सु.प्र. अधिकारीको तलब</td><td>३८८०००</td><td>१०</td><td>समानिकरण अनुदान प्रदेशको पूजीगत खर्च</td><td>९१२२२५३</td></tr>
<tr><td>११</td><td>विभिन्न आन्तरिक आय</td><td>३०१९५९८.२३</td><td>११</td><td>शसर्त अनुदान प्रदेशको पूजीगत खर्च</td><td>१६१७४३९८</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | | |
| --- | --- | --- | --- | --- | --- |
| १२ | आ.व. ०७७।७८ को द.ब. शुल्क बैंक जमानतबाट असुल | ३८९३३०९ | १२ | सशर्त अनुदान प्रदेशको चालु खर्च | २०१४९१८ |
| १३ | आ.व. ०७८।७९ को द.ब. शुल्क | १२३४५०० | १३ | सवारी कर बाडफाड प्रदेशको पूजीगत खर्च | १०५८८००८ |
| १४ | विविध आय | ३५७९०२.७१ | १४ | सवारी कर बाडफाड प्रदेशको चालु खर्च | ५२३५५२३.१२ |
| १५ | एन.सि.सि. बैंकबाट प्राप्त | १०००००० | १५ | आन्तरिक श्रोतको चालु खर्च | ३६५००३१०.७३ |
| १६ | रोयल्टी प्राप्त | ३१२२५५७.७७ | १६ | आन्तरिक श्रोतको पूजीगत खर्च | ५५१०२६३ |
| १७ | अन्तरसरकारी अख्तियारी तर्फ | | १७ | अन्तरसरकारी अख्तियारी तर्फ खर्च | |
| | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४३४७९५१ | | भौतिक पूर्वाधार विकास मन्त्रालय पुँजीगत | ४३४७९५१ |
| | प्रदेश पूर्वाधार,स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम- | २४०९७१३ | | प्रदेश पूर्वाधार,स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम पुँजीगत | २४०९७१३ |
| | सामाजिक सुरक्षा तथा संरक्षण- | ९३५७९७८५ | | सामाजिक सुरक्षा तथा संरक्षण चालु | ९३५७९७८५ |
| | भूमिव्यवस्था,कृषि तथा सहकारी मन्त्रालय- | ११९७१४२ | | भूमिव्यवस्था,कृषि तथा सहकारी मन्त्रालय पुँजीगत | ११९७१४२ |
| | पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम- | १३९७११५ | | पर्यटन प्रवर्द्धन तथा पूर्वाधार विकास कार्यक्रम पुँजीगत | १३९७११५ |
| | -गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | | -गरिबसँग विश्वेश्वर कार्यक्रम चालु | ४६४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | धरौटी- | ३८८६८३८ | १८ | धरौटी- | ४७५४७८ |
| | | | १९ | जम्मा खर्च | ५४९०२१३२८.८ |
| | | | २० | बैंक मौज्दात | ५२३८२२८०.३२ |
| | - | - | | संचित कोष खातामा रु.३०५५६५२४.७३ | |
| | - | - | | बाडफाडबाट प्राप्त खातामा रु.१०३७७५८८.४५ | |
| | | | | वित्तिय व्यवस्था खर्च खातामा रु.५०८२७१२ | |
| | | | | आन्तरिक राजस्व खातामा रु.१५८१४०९.१ | |
| | | | | पूजीगत खर्च खातामा रु.६६३५७० | |
| | | | | चालु खर्च खातामा रु.३२१११६.०४ | |
| | | | | विविध खर्च खातामा रु.३८८००० | |
| | | | | धरौटी बैंक मौज्दात ३४११३६० | |
| | | | | जम्मा बैंक मौज्दात रु.५२३८२२८०.३२ | |
| | कुल जम्मा | ६०१४०३६०९.१२ | | कुल जम्मा | ६०१४०३६०९.१२ |

| | | | | |
|---|---|---|---|---|
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन। | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ७ ऐन, २ नियमावली, ३१ कार्यविधि १ निर्देशिका समेत ४१ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• दैनिक भ्रमण खर्च लेख्दा भ्रमण अभिलेख राखेको पाईएन।<br>• कतिपय बजेट उपशिर्षकका गोश्वारा भौचरहरु क्रमबद्ध नरहेको तथा भौचर नभेटिने गरेको देखियो।<br>• विभिन्न कार्यक्रम, योजना अनुगमन, विपद् व्यवस्थापन आदि कार्यका लागि सवारी भाडा लिई खर्च लेख्दा सवारी लग बुक राखेको, सवारी धनीसंग सम्झौता गरेको देखिएन। कतिपय भूक्तानीमा एकै स्थानको सवारी भाडामा समेत एकरुपता देखिएन।<br>• कतिपय खर्च शिर्षकको बैक नगदी किताबमा खर्च लेखांकन भएको तर सो बमोजिम गोश्वरा भौचर सिलसिलेवार रुपमा नभएको तथा गोश्वरा भौचरको कारोवार बैक नगदी कितावसंग मेल भएको देखिएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<ul>
<li>पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।</li>
<li>सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।</li>
<li>वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
अनुदान फिर्ता<br>
संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको नपाइएकोले फिर्ता दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>प्राप्ति</th><th>खर्च</th><th>बाँकी</th><th>कैफियत</th></tr>
<tr><td>संघीय सरकारबाट</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१३३१२ शसर्त अनुदान</td><td>२१७२८५०००</td><td>१८६६४६४८८.९</td><td>३०६३८५११.१</td><td>मिति २०७९।५।२६ मा रा.दा.नं. ८१९५१०३ मार्फत राजस्व शीर्षक नं १५११३ मा रु.३०६३८५११.१ दाखिला</td></tr>
<tr><td>प्रदेश सरकारबाट</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१३३१२ शसर्त अनुदान</td><td>२१०७७०००</td><td>१८१८९३१६</td><td>२८८७६८४</td><td rowspan="2">मिति २०७९।५।२६ मा रा.दा.नं.६९८४४६८ मार्फत राजस्व शीर्षक नं १५११३ मा शसर्त अनुदानतर्फको रु.२८८७६८४ र समपुरक अनुदानतर्फको रु.५५१७५५० गरी कुल रु.८४०५२३४ दाखिला भएकोमा रु.६७१४५० दाखिला बाँकी रहेको</td></tr>
<tr><td>१३३१६ समपुरक अनुदान</td><td>१००००००००</td><td>३८११०००</td><td>६१८९०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>फिर्ता गर्न बाँकी</td><td>६७१४५०</td><td></td></tr>
</table>
</td><td>६७१,४५०</td></tr>
<tr><td>५</td><td></td><td></td><td>
फरक शीर्षक पारी खर्चः<br>
पालिकाले बजेट उपशीर्षक संघीय सशर्त चालु तर्फ निम्नानुसारका गो.भौ. मार्फत पेश्की फर्छयौट गरेकोमा खर्च भइ बाँकी रहेको रकम संघीय संचित कोष खातामा दाखिला गर्नुपर्नेमा गाउँपालिकाकै आन्तरिक राजश्व खातामा दाखिला गरेको देखियो । तसर्थ खर्च नभई फिर्ता भएको रकम संघीय खातामा फिर्ता गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>खर्च शीर्षक</th><th>पेश्की रकम</th><th>खर्च रकम</th><th>बाकी रकम</th><th>कैफियत</th></tr>
<tr><td>२११।०७९।३।२४</td><td>संघीय सशर्त चालु</td><td>६००००</td><td>५३८८०</td><td>६१२०</td><td>मिति ०७९।३।२६ मा गाउपालिकाको आन्तरिक राजश्व खातामा</td></tr>
</table>
</td><td>७७,९२०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (नेस्टेड तालिका तल) | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | दाखिला गरेको |
| २४८।०७९।३।२४ | संघीय सशर्त चालु | २९५००० | २२३२०० | ७१८०० | मिति ०७९।३।२० मा गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला गरेको |
| | | | जम्मा | ७७९२० | |

**६ — अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन्। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| गो.भौ.नं।मिति | बजेट उपशीर्षक | खर्च शीर्षक | संस्था | अनुदान रकम |
|---|---|---|---|---|
| १८९।०७९।३।२३ | संघीय सशर्त चालु | बहुक्षेत्रीय पोषण | महिला मातृशिशु बचत तथा ऋण सहकारी संस्था लि | ६२५००० |
| ७३।०७८।१०।१० | संघीय सशर्त चालु | खायान आलु उत्पादन कार्यक्रम | पिङडाडा कृषि सहकारी संस्था लि. | २२५०००० |
| ७३।०७८।१०।१० | संघीय सशर्त चालु | कृषि पकेट विकास कार्यक्रम | सुनकोशी ठोकर्पा समाज उत्थान कृषक समुह | १२००००० |

**७ — बजेट पेश, पारित र अख्तियारी**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्षरउप प्रमुख श्री लक्ष्मी पौडेलले मिति २०७८।०३।१० गते रु.४७ करोड ३७ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।३०। मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

**८ — चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td></td></tr>
<tr><td>१</td><td>सुनकोशी गाउँपालिका पूजीगत</td><td>१२९०५६६३४</td><td>४२१०६७०३</td><td>४४५९४५५५</td><td>४२३५५३७६</td><td>११४०९६५८</td></tr>
<tr><td>२</td><td>संघीय पूजीगत</td><td>२९७५६७०</td><td>९६५३४९</td><td>१००३१८४</td><td>१००७१३७</td><td>१००७१३७</td></tr>
<tr><td>३</td><td>प्रदेश पूजीगत</td><td>१६१७४३९८</td><td>१५०००००</td><td>३२०००००</td><td>११४७४३९८</td><td>७७४९७३१</td></tr>
<tr><td></td><td>कूल खर्च:</td><td>१४८२०६७०२</td><td>४४५७२०५२</td><td>४८७९७७३९</td><td>५४८३६९११</td><td>२०१२६५२६</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>३०.०७</td><td>३२.९२</td><td>३७</td><td>१३.५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>कार्यक्रम परिवर्तन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ। साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ। पालिकाले गाउँसभाको विभिन्न मितिको निर्णयबाट ६४ वटा कार्यक्रमहरु संसोधन स्वीकृत गरि रु.२०२०६५२९ खर्च गरेको पाईयो। बजेट तर्जुमा प्रक्रिया प्रभावकारी बनाईनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कर्मचारी करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि खर्च लेखेको छ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २२ जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनियर ,प्रशासन अधिकृत, जनस्वास्थ्य अधिकृत सहितका पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>वित्तीय विवरण<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। • स्थानीय तहले सबै आर्थिक कारोबारहरुको लेखांकन सुत्रमा समावेश गरेको छैन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>आर्थिक कारोबारको सिफारिश पत्र<br>२०७९/५/१७-विभिन्न ब.उ.शि.नं.का भौचरहरुबाट कार्यालयले भुक्तानी कारोबारको सिफारिश पत्र मलेप फा नं२०२ प्रयोग नगरेको हुँदा आर्थिक कारोबारको सिफारिश पत्र समेत संलग्न गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ। साथै पालिकाले वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन्। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>भुक्तानी दिन बाँकी<br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमाबली २०७७को नियम ३९ को १३मा भुक्तानी दिन बाँकीको बिबरण तयार गरी प्रमाणित गराई भुक्तानी दिने ब्यबस्था रहेको छ। कार्यालयले निम्न अनुसारका भुक्तानीहरु दिदा बिबरण तयार गरी प्रमाणित बेगर भुक्तानी भएकोले अनियमित देखिएको रु<br>
<table>
<tr><th>गोश्वरा भौचर</th><th>उपभोक्ता समिति</th><th>प्रयोजन</th><th>भुक्तानी</th></tr>
<tr><td>१५-७८।५।२७</td><td>४ नं वडा भबन कार्यालय निर्माण उ.स</td><td>४ नं वडा भबन कार्यालय निर्माण</td><td>४७८६९८।</td></tr>
<tr><td>१८-७८।५।२९</td><td>सामुदायीक स्वास्थ्य भबन निर्माण उपभोक्ता समिति</td><td>स्वास्थ्य भबन निर्माण</td><td>५०००००।</td></tr>
<tr><td>१४४-७८।५।२९</td><td>ठोकर्पा भ्यू टावर निर्माण उपभोक्ता समिति</td><td>ठोकर्पा भ्यू टावर निर्माण</td><td>१०१५४८८।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९,९४,१८६</td></tr>
</table></td><td>१,९९४,१८६</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>न्यायीक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको ३ गरी कुल ७ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ आन्तरिक नियन्त्रण प्रणालीलाइ प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>१७४३६८१९.१२</td><td>१२५२५५६१</td><td>२८.१३</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२४१३७९०२५.८८</td><td>२१५४९०२२३.९</td><td>४८.४</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१२९४९११३७.८८</td><td>११८०३२५५३</td><td>२६.५१</td></tr>
<tr><td>वातावरण तथा विपद व्यवस्थापन</td><td>४८७१०००</td><td>३८६०४४८</td><td>०.८६</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>३९४७३४१९.८५</td><td>३८८०९९७२.८५</td><td>८.७१</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>६१४०३९४०</td><td>५६४३१३८६</td><td>१२.६७</td></tr>
<tr><td>जम्मा</td><td>४९४०५५३४२.७३</td><td>४४५१५०१४४.८</td><td>१००</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार गाउँसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक क्षेत्रमा ४८.४ प्रतिशत, , पूर्वाधार विकास क्षेत्रमा २६.५१ प्रतिशत, कार्य सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १२.६७ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ ८.७१ प्रतिशत, आर्थिक विकासमा २८.१३ प्रतिशत र वातावरण तथा विपद व्यवस्थापन तर्फ ०.८६ प्रतिशत मात्र रहेको देखियो।
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
बैंक हिसाब मिलान<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>खाता नं</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>पूजीगत खर्च खाता बिजोर वर्ष</td><td>२७११०१०५५२</td><td>७०१५३०१</td><td>६६३५७०</td><td></td></tr>
<tr><td>२</td><td>चालु खर्च खाता बिजोर वर्ष</td><td>२७०३०००१६९</td><td>२१०३२५३५.८५</td><td>३२१११६.०४</td><td></td></tr>
<tr><td>३</td><td>स्थानीय तह संचित कोष खाता</td><td>२७०३००००८०</td><td>५२४०००००</td><td>३०५५६५२४.७३</td><td></td></tr>
<tr><td>४</td><td>स्थानीय तह धरौटी खाता</td><td>२७०३०००००९९</td><td>३८८६८३८</td><td>३८८६८३८</td><td></td></tr>
<tr><td></td><td>बैंक कारोबारमा भिन्नता</td><td></td><td>(५२,५२,५०,२४७.०५)</td><td>-</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>(राजश्व र संचित कोष खाता)</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>बैंक कारोबारमा भिन्नता<br>(संचित कोष र खर्च खाता)</td><td></td><td>१,९१,८७,०००</td><td>-</td><td></td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>(४४,१२,४२,८८०.०५)</td><td>३१५४१२१०.७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
मु.अ.कर समायोजन<br>
मू.अ.कर नियमाबली २०५३ मो नियम १७.१ अनुसार मुल्य अभीबृध्दी करमा दर्ता भएको ब्यक्तीले कुनै बस्तु वा सेवाको आपुर्ति गर्दा अनुसुची ५ बमोजिमको ढाँचामा कर किजक जारीगर्नुपर्ने ब्यबस्था रहेको छ। साथै आन्तरीक राजश्व बिभागको मिति २०५५।३।३२र२०६५।७।१० को परीपत्र अनुसार मुल्य अभीबृध्दी करमा दर्ता भएका कर दाताले हरेक बर्ष क्र.सं१ बाट शुरु गर्नुपर्ने,कर बिजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख भएकोमा यस कार्यालयले निम्न अनुसारका आपुर्तकहरुलाई भुक्तानी दिदा संलग्न बिल हातले नम्बर राखेको हुँदा मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने
<table>
<tr><th>भौ.नं/मिति</th><th>आपुर्तिकर्ताको नाम</th><th>भुक्तानी रकम</th><th>समायोजनगर्ने मु.अ.क</th><th>कैफियत</th></tr>
<tr><td>२९७-१२।१३</td><td>काभ्रे कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>११५७८५।</td><td>१३३२०।</td><td>बिजक नम्बरनै नभएको</td></tr>
<tr><td>३४३-१२।१९</td><td>काभ्रे कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>१४५५००।</td><td>५१४८।</td><td>बिजक नम्बरनै नभएको</td></tr>
<tr><td>३४९-१२।२९</td><td>काभ्रे कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>६७८००</td><td>७८००।</td><td>बिजक नम्बरनै नभएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६,२६८।</td><td></td></tr>
</table>
</td><td>२६,२६८</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
कर्मचारी प्रोत्साहन भत्ता<br>
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष ५ जनालाई प्रोत्साहन भत्ता खर्च लेखेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. रु.१००१२२०
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
घरभाडा बढी भुक्तानी<br>
४९०-२०७९।३।२१ घर धनी मिरा पराजुलीलाई मासिक रु. ४४,०००। का दरले १२महिनाको ५,२८०००।मा ५२,८००।भाडा कर कट्टी गरी रु ४,७५,२००।भुक्तानी हुनुपर्नेमा ५,१४,८०० भुक्तानी भएकाले बढी भुक्तानी दाखिला गर्नुपर्ने
</td><td>३९,६००</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
दोहोरो सुविधाः<br>
गाउँपालिका अध्यक्ष श्रवण कुमार जि सी लाई संचार शुल्क वापतको रकम मासिक रुपमा नियमित भुक्तानी हुँदै आएकोमा गो भौ नं ३८७ मिती २०७८।१२।११ मा मोवाइलमा रिचार्ज गरे बापत रु १३६००।-भुक्तानी भएको हुँदा दाखिला गर्नुपर्ने रु.
</td><td>१३,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>धरौटी<br>आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ अनुसार राजश्व खातामा जम्मा हुनुपर्नेमा पालिकाले भौ नं १३ २०७९।०३।३१ धरौटी खातामा जम्मा भएको रु ३०००।÷ राजश्व खातामा जम्मा गर्नु पर्ने रु.</td><td>३,०००</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>प्रहरी चौकीको लागि भाडा भुक्तानी<br>बसुन लामालाई २०७८।८।२० ।(मंसिर देखि असार सम्मको) मासिक ११०००। का दरले प्रहरी चौकीले प्रयोग गरेको घरको भाडा भुक्तानी गरेको रु१३,६००। र लामोसाँघु प्रहरी चौकीको गेट समेत निर्माणको लागि रु४,८५,३३५।गरी जम्मा रु ५,६६,००२।उपलब्ध गराएकोमा गाउँ सभामा उक्त खर्च दिने प्रस्ताव पारित नभएकोले अनियमित रु</td><td>५६६,००२</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>आर्थिक सहायता<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले औषधी उपचार प्रयोजनको लागि यो वर्ष ३३जनालाई अधिकतम रु२,००,०००। देखि न्यूनतम रु ५०००। सम्म गरी रु.१८ लाख ९६ हजार आर्थिक सहायता वितरण गरेको पाइयो।उक्त बितरणको सम्बन्धमा पनि कुन रोगको लागि के कती उपचार खर्च दिने र कस्तो अबस्थाकालाई आर्थिक सहायता दिने सम्बन्धमा स्पष्ट आधार बेगरनै खर्च गर्ने गरेकोले यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>प्राविधिक भत्ता बढी भुक्तानी<br>प्राविधिक धारका विद्यालयका प्राविधिक विषय पढाउने शिक्षकलाई १० महिनाको प्राविधिक भत्ता दिनु पर्नेमा यस सुनकोशी गाउँपालिका वडा नं ६ मा रहेको प्राविधिक धारको विद्यालय श्री महेन्द्रोदय माध्यमिक विद्यालयमा कार्यरत शिक्षकलाई १२ महिनाको भत्ता दिएकोले बढी भुक्तानि भएको रकम असुल गर्नुपर्ने
<table>
<tr><th>शिक्षकको नाम</th><th>भूक्तानि हुनुपर्ने</th><th>भूक्तानि भएको</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>लोकजन खड्का</td><td>०</td><td>९०००</td><td>९०००</td><td>प्राविधिक धारको नभएको</td></tr>
<tr><td>इश्वरी रानाभाट</td><td>०</td><td>९०००</td><td>९०००</td><td>प्राविधिक धारको नभएको</td></tr>
<tr><td>रमेश भण्डारी</td><td>३००००</td><td>३३०००</td><td>३०००</td><td></td></tr>
<tr><td>विक्रम शाह</td><td>३००००</td><td>३३०००</td><td>३०००</td><td></td></tr>
<tr><td>विज्ञान पराजुली</td><td>३००००</td><td>३३०००</td><td>३०००</td><td></td></tr>
<tr><td>देव नारायण यादव</td><td>३००००</td><td>३३०००</td><td>३०००</td><td></td></tr>
<tr><td>सुरज खड्का</td><td>३००००</td><td>३३०००</td><td>३०००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३३०००</td><td></td></tr>
</table></td><td>३३,०००</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>बढी ग्रेड भूक्तानिः<br>यस गाँउपालिका अन्तरगतका विद्यालयमा कार्यरत शिक्षकहरुले तलबी प्रतिवेदनमा पारित भएको बराबर तलब भूक्तानि हुनुपर्नेमा बिभिन्न बिद्यालयका शिक्षकहरुलाई विभिन्न महिनाको तलब भूक्तानि गर्दा देहाय बमोजिमका शिक्षकहरुलाई बढी भूक्तानि भएको ग्रेड रकम सम्बन्धितबाट दाखिला हुनुपर्ने रु</td><td>४२,५६२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विद्यालयको नाम</td><td>शिक्षकको नाम</td><td>भूक्तानि हुनुपर्ने</td><td>बढी .भू .पर्व समेत</td></tr>
<tr><td>बाघभैरव माध्यमिक विद्यालय</td><td>रेशम बहादुर क्षेत्री</td><td>७ ग्रेड १२६७ को दरले</td><td>१६,४७१।</td></tr>
<tr><td>सेतिदेवी शारदा मा वि</td><td>प्रकाश पराजुली</td><td>मासिक १००० बढी भुक्तानी</td><td>१३,०००।</td></tr>
<tr><td>महेन्द्र कान्ती मा वि</td><td>अच्युत प्रसाद पौडेल</td><td>१ ग्रेड १००७ को दरले</td><td>१३,०९१।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४२,५६२।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.९९८०२० खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>जरिवानाः<br>सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २४ मा आफुले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्त्व जिम्मेवार पदाधिकारको हुने व्यवस्था छ । तर पालिकाले समयमै विद्युत महसुल नतिरी जरिवाना स्वरुप थप दस्तुर बापत निम्न गो.भौ.बाट भुक्तानी गरेको छ ।तसर्थ समयमै महसुल भुक्तानी गर्नुपर्दछ ।
<table>
<tr><td>गो.भौ.नं।मिति</td><td>विवरण</td><td>बिल रकम</td><td>जरिवाना</td></tr>
<tr><td>२०४।०७९।३।२४</td><td>स्वास्थ्य चौकीको विद्युत बिलतर्फ जरिवाना तिरेको</td><td>४६८३५</td><td>९२३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>बढी भुक्तानी<br>गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४१(२) मा उद्यमीलाई उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वंयमले व्योहोर्नुपर्ने व्यवस्था छ । पालिकाले लघु उद्यमीको स्तरोन्नति तर्फ प्रविधी हस्तान्तरण कार्यक्रममा कुल लागततर्फको उद्यमीको २०% रकम समेत गरी शत प्रतिशत खर्च लेखेको देखियो । पालिकाले खर्च लेखेको निम्नानुसारको उद्यमीले व्यहोर्नुपर्ने रकम असुल हुनुपर्ने रु.
<table>
<tr><td rowspan="2">गो.भौ.नं।मिति</td><td rowspan="2">विवरण</td><td rowspan="2">सामाग्री</td><td rowspan="2">खर्च रकम</td><td rowspan="2">भुक्तानी हुनुपर्ने (८०% अनुदान)</td><td>उद्यमीले व्यहोर्नुपर्ने</td><td rowspan="2">भुक्तानी रकम</td><td rowspan="2">बढी खर्च</td></tr>
<tr><td>(२०% अनुदान)</td></tr>
<tr><td>३६।०७८।९।१</td><td>लघु उद्यमीको स्तरोन्नति तर्फ प्रविधि हस्तान्तरण</td><td>सिलाइ बुनाई मेसिन</td><td>१७२१२१</td><td>१३७६९७</td><td>३४४२४</td><td>१७२१२१</td><td>३४४२४</td></tr>
</table>
</td><td>२४,२१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८७।०७८।११।४</td><td>लघु उद्यमीको स्तरोन्नति तर्फ प्रविधि हस्तान्तरण</td><td>सिलाइ बुनाई मेसिन</td><td>२४८९३०</td><td>१९९१४४</td><td>४९७८६</td><td>२४८९३०</td><td>४९७८६</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>८४२१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
निरोगिताको प्रमाण पेश गर्नुपर्ने:<br>
कृषि तथा पशु सेवा प्राविधिकले खरिद गरिएको बाख्राको निरोगिताको प्रमाणपत्र तथा खरिद गरिएको प्रजाति कै बाख्रा खरिद गरिएको कागजात समेत पेश गरेको देखिएन।
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>विवरण</th><th>खरिद प्रजाति</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td rowspan="4">२३७।०७९।३।२४</td><td rowspan="4">जेजे एम कृषि तथा पशु फर्मलाई कृषि पकेट विकास कार्यक्रम अन्तर्गत रु.१२ लाख अनुदान दिएकोमा</td><td>बाख्रा खरी</td><td>२८ वटा</td><td>३२२०००</td></tr>
<tr><td>बोयर बोका ४८ केजी</td><td>१</td><td>४५०००</td></tr>
<tr><td>बाख्रा जमुनापारी</td><td>१४</td><td>२०३०००</td></tr>
<tr><td>बोयर क्रस पाठी</td><td>३</td><td>४५०००</td></tr>
</table>
</td><td>६१५,०००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
प्रधानमन्त्री रोजगार कार्यक्रम<br>
स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, पदमार्ग , पहिरो नियन्त्रण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८१ जनालाई रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा रु.२४९१२७४ खर्च गरेको छ। लक्षित वर्गलाई कम्तीमा २७ दिनदेखि बढीमा ९६ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
स्यानिटरी प्याडः<br>
स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को बुदा नं ५ मा IEMIS तथ्याङ्कका आधारमा विद्यालयमा रहेका छात्राहरुको संख्या यकिन गरी विद्यालयले माग गरेअनुसार स्यानिटरी प्याड उपलब्ध गराउने तथा बुदा नं ६ मा विद्यालयले पालिकाबाट प्राप्त स्यानीटरी प्याड जिन्सी खातामा अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघीय सशर्त चालु तर्फ गो.भौ.नं।मिति ६४।०७८।१०।६ मा युनाइटेड रिसोर्स कम्पनी र कमर्दा ट्रेड एडं सप्लायर्ससंग १६०५० परिमाण स्यानिटरी प्याड खरिद गरि रु. ९९७६२२ खर्च लेखेको देखियो। लेखापरीक्षणका क्रममा पालिकाले विद्यालयलाई स्यानीटरी प्याड बुझाएको भरपाइ पेश भएतापनि विद्यालयले बुझेको स्यानीटरी प्याड जिन्सी खातामा दाखिला गरेको देखिएन। तसर्थ कार्यविधिमा तोकिएबमोजिम जिन्सी खातामा दाखिला पेश हुनुपर्ने रु.
</td><td>९९७,६२२</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
योजना छनौट<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ। योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन। तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>

**बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सडक तर्फको संरचना तयार गर्दा नेपाल सरकारबाट मिति २०७५।४।२५ मा स्वीकृत दर विश्लेषण नर्म्स प्रयोग नगरी फरक नर्म्सको प्रयोग गरेको देखियो। नमुना छनोटका आधारमा लेखापरीक्षण गरिएकोमा देहायका योजनाहरुमा उपभोक्ता समितिसंग लागत अनुमानमै फरक नर्म्स प्रयोग गरि सम्झौता भइ सोही दरमा भुक्तानी भएकोले निम्नानुसारको रकम बढी भुक्तानी भएको देखियो। स्वीकृत नर्म्स तथा दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएकोले पालिकालाई देहायबमोजिम व्ययभार परेको असुल गर्नुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना/उ.स.</th><th>कार्यसम्पन्न</th><th>विवरण</th><th>भुक्तानी भएको</th><th>भुक्तानी हुनुपर्ने</th><th>परिमाण</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="3">१।०७९।१।२५</td><td rowspan="3">यमुना डाँडा स्वास्थ्य केन्द्र काथिको वाहाल निकासा तथा खहर उ.स.</td><td rowspan="3">८६८३६८</td><td>ग्याबिन बक्स २*१*१</td><td>८६५०.१३</td><td>७५४९.३८</td><td>२३ बक्स</td><td>२५३१७</td></tr>
<tr><td>ग्याबिन बक्स</td><td rowspan="2">११९९९</td><td rowspan="2">९२१३</td><td rowspan="2">१० बक्स</td><td rowspan="2">२७८६०</td></tr>
<tr><td>३*१*१</td></tr>
<tr><td>२९।०७९।३।२४</td><td>डेढ किलो जामुने कापिङ सडक सुनकोशी नि.उ.स</td><td>२५१५०४२</td><td>स्टोन मेसिनरी वर्क १:६</td><td>८८९१.५२</td><td>८३३३.३२</td><td>३२.८४ घ.मि.</td><td>१८३३१</td></tr>
<tr><td>२९।०७९।३।२४</td><td>डेढ किलो जामुने कापिङ सडक सुनकोशी नि.उ.स</td><td>२५१५०४२</td><td>पी.सी.सी. १:१.५:३</td><td>१६४७६.२९</td><td>१५६९७</td><td>७८.७२ घ.मि.</td><td>६१३४५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१३२८५३</td></tr>
</table>

</td><td>१३२,८५३</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>

**गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**स्थानीय उत्खनन र संकलनको शुल्क(रोयल्टी) लिनुपर्ने**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) बमोजिम नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ। साथै प्रदेश आर्थिक ऐन २०७७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्र रहेका खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न ढुँगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको परिमाणको यकिन गरी अनुसुची ९ अनुसारको दरमा बिक्री गर्न सक्ने व्यवस्था गरेको छ। साथै निजी जग्गामा प्राप्त हुने ढुङ्गा तथा माटो अन्य व्यक्तिलाई बिक्री गर्दा समेत पालिकाको स्वीकृती लिई तोकिएबमोजिमको दरमा शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले विभिन्न उपभोक्ता समिति तथा लाभग्राही समुदायद्धारा संचालित योजनाहरुमा कतिपय योजनाहरुमा ढुंगा,गिट्टी तथा बालुवा भरपाइ मार्फत खरिद गरेको तथा केहीमा सो समेत संलग्न रहेको देखिएन। जसबाट उपभोक्ता समितिले पालिका क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेकोमा पालिकाले ती सामाग्रीहरुको पालिका दरको आधारमा भुक्तानी दिएको छ। लेखापरीक्षणको क्रममा नमुना छनोट परेको योजनाहरु मध्ये उपभोक्ता समितिले ढुंगा लगायतका सामाग्रीहरुको प्रयोग गर्दा पालिकालाई रोयल्टी तथा शुल्क बुझाएको देखिएन। अतः पालिकाले आफ्नो क्षेत्रभित्रका ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाइ आम्दानी बढाउने तथा उपलब्ध सामाग्रीहरुको अव्यवस्थित उत्खनन , संकलन तथा उपयोग स्थितिलाई

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्छ ।
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना/उ.स.</th><th>निर्माण सामाग्री</th><th>परिमाण घ.मि.</th><th>दर रु</th><th>रकम</th></tr>
<tr><td>१।०७९।१।२५</td><td>यमुना डाडा स्वास्थ्य केन्द्र माथिको वाहाल निकासा तथा खहर उ.स.</td><td>ढुंगा</td><td>१४८</td><td>३१७.५२</td><td>४६९९२.९६</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>बिलभरपाइ भन्दा बढी भुक्तानीः<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(६)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिलभरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। निम्नानुसारका योजनाहरुमा कार्यसम्पन्न प्रतिवेदन मूल्याङ्कन गरेको रकम भन्दा उपभोक्ता समितिले निर्माण सामाग्री कम खरिद गरेको बिलभरपाइ पेश गरेको पाइयो । जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन ।यसरी कार्यसम्पन्न प्रतिवदेन मूल्याङ्कन भन्दा कम बिल पेश भइ बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं।मिति</th><th>योजना/उ.स.</th><th>कार्यसम्पन्न</th><th>विवरण</th><th>नर्म्स अनुसार</th><th>खरिद बिलभरपाई</th><th>दर रु.</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>३।०७९।३।२१</td><td>ठोकर्पा सामुदायिक बहुमुखी क्याम्पस</td><td>११३४६२७</td><td>पेभिङ अफ हेभी ड्युटी इन्टरलकिङ कंक्रिट ब्लक</td><td>६६५६ ब्लक</td><td>६००० ब्लक</td><td>३४.५२</td><td>२२६४५</td></tr>
<tr><td>१०।०७८।१०।२४</td><td>सियाले पंगेराघारी कार्कीगाउँ सडक मर्मत उ.स.</td><td>२१६४८८५</td><td>ह्याण्ड प्याक स्टोन सोलिङ २०० एमएम</td><td>२७९.८७ घ.मि. ढुंगा</td><td>६९.८७ घ.मि. ढुंगा</td><td>१४५३.५८</td><td>१०१५६२</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१२४२०७</td></tr>
</table></td><td>१२४,२०७</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सार्वजनिक परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>ढुवानी समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने<br>सार्वजनिक खरिद नियमावली अनुसार लागत अनुमान तयार गर्दा निर्माण सामाग्रीको उपलब्धताको आधारमा जिल्ला दररेट समितिले निर्धारण गरेबमोजिम खरिद तथा ढुवानी साइट तोकी सोबाट निर्माण स्थलसम्मको ढुवानी समावेश गरी लागत अनुमान तयार गर्नुपर्दछ ।पालिकाबाट यस वर्ष संचालित योजनाहरुमा बालुवा तथा गिट्टी निर्माण स्थलसम्म ढुवानी बापतको औषतमा १४ किलोमिटर र ढुंगातर्फ ५ किमी ढुवानी सहित दरविश्लेषण तयार गरी भुक्तानि दिएको देखिन्छ । उपभोक्ता समितिले निर्माण कार्य गर्दा दरविश्लेषणमा समावेश भए अनुसारको सामाग्री खरिद गरेको बिलभरपाई नराखेकोले के कति किलोमिटरबाट ढुवानी गरेको हो सम्बन्धमा यकिन हुन सकिएन । जसबाट पालिकालाई थप व्ययभार परे नपरेको सम्बन्धमा यकिन गर्न सकिएन ।तसर्थ दर विश्लेषणमा समावेश भए अनुसारको ढुवानी गरेको देखिने सम्बन्धमा प्राविधिकले उल्लेख गरि पालिकालाई थप व्ययभार नपरेको सुनिश्चित गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>
हेभी इक्विपमेण्टको प्रयोग<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :
<table>
<tr><td>उपभोक्ता समितिको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी रकम</td><td>प्रयोग गरेको हेभी उपकरण</td></tr>
<tr><td>चारपाटे आदाल काफलधारा सडक</td><td>माटो खन्ने</td><td>२ लाख</td><td>एक्साभेटर</td></tr>
<tr><td>तित्रे देउसिडे कृषि सडक</td><td>माटो खन्ने</td><td>२ लाख</td><td>एक्साभेटर</td></tr>
<tr><td>ढुकुरगैरा घडेरीबारी कृषि सडक</td><td>माटो खन्ने</td><td>२ लाख</td><td>एक्साभेटर</td></tr>
<tr><td>मानेगैरा कुल्छी ठुलोढुंगा कृषि सडक</td><td>माटो खन्ने</td><td>२ लाख</td><td>एक्साभेटर</td></tr>
<tr><td>रातमाटे अम्बोटे ठाटीडाडा सडक</td><td>माटो खन्ने</td><td>२ लाख</td><td>एक्साभेटर</td></tr>
<tr><td>कान्ले राम्चे सडक</td><td>माटो खन्ने</td><td>१.५ लाख</td><td>एक्साभेटर</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>
जटिलसंरचना निर्माण<br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार उपकरणहरुको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><td>भौनं./मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>६७-७८।७।११</td><td>कवर्डहल निर्माण उपभोक्ता समिति</td><td>कवर्डहल निर्माण कार्य</td><td>४८,००,०००।</td></tr>
<tr><td>८७-७८।७।१५</td><td>बाघ भैरब रङ्गशाला निर्माण उ स</td><td>रङ्गशाला निर्माण पे.फ समेत</td><td>९०,००,०००।</td></tr>
<tr><td>१०५-७८।८।२२</td><td>गाँउपालिकाका सडक मर्मत.उ स</td><td>७वटै वडाको बाटो मर्मत</td><td>३४०७०७२।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७२०७०७२।</td></tr>
</table>
नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **प्रतिस्प्रधालाई सिमित पारीएको जटिलसंरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार उपकरणहरुको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।यस पालिकाले धुम्पाखर खानेपानी डिपबोरीङ्ग उपभोक्ता समुह ६ मार्फत (Deep boring ) कार्य DTH rock drilling co(P)LTD बाट कार्य गराई रु२८,१३,७००। भुक्तानी दिइएको देखिन्छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१) (क) मा दश लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न पाइने व्यवस्था भएकोमा उक्त कानुनी प्रावधान विपरित उपभोक्ता समिति मार्फत कार्य गराई कानुनको पालना भएको देखिएन। साथै (Deep boring ) गर्नुपूर्व electro logging गरेको र (Deep boring )गर्दाको water level , water table लगायत के कति मिटर गहिराइमा गएको हो सो खुल्ने Report संलग्न नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउनु पर्ने देखिएको रु | |
| ४५ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर एक्साभेटर लोडर रोलर ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनामा उपभोक्ता समितिहरुले डोजर एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।साथै कार्यालयले चेन डोजर खरिद गरेको र उक्त डोजरको मर्मत र ईन्धन खर्च हुँदा पनि उपयोगमा नल्याइ विभिन्न बाह्य निर्माण ब्यबसायीहरुको डोजरहरु भाडामा लिई बिभिन्न दरमा तेल सहित र बाहेक गरी भिन्न भिन्न दर रेटमा भुक्तानी भएको देखिएकोले डोजरहरु भाडामा लिई गरिएको कार्य मितव्ययीय नै भएको छ भनि यकिन गर्न सकिएन।जसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| भौनं./मिति | उपभोक्ता समितिको नाम | डोजर ब्यबसायी | कामको विवरण | डोजर/तेलभुक्तानी |
|---|---|---|---|---|
| १०५-८।२२ | गा.पा.स्तरीय सडक मर्मत उ.स | IRO construction Pvt.Ltd | सबै वडामा बाटो निर्माण | ३४०७०७२। |
| १३५-९।६ | दुरदुर गैरा घडेरीबारी सडक नि.उ.स | Aryaman construction Pvt.Ltd | बाटो निर्माण | २२४९९९। |
| २३४-११।१० | भिरखर्क सडक निर्माण उ.स | IRO construction Pvt.Ltd | बाटो निर्माण | ४३६५००। |
| ३४३-११।१६ | हरीसिध्दी बुजिन्टोल सडक निर्माण उ.स | अर्जुन पदम निर्माण सेवा | बाटो निर्माण | २१७०००। |
| १५८-९।१८ | बाघ भैरबरङ्गशाला निर्माण उ.स | सुकुटे निर्माण सेवा | रङ्गशाला निर्माण | ४०११४४। |
| २५५-११।१६ | रातमाटे आम्बोटे ठाँटी डाँडा सडक नि.उ.स | ल्हास्सो दोलालघाट ट्रेडीङ्ग एण्ड सप्लायर्स | सडक निर्माण | २१४९८२। |
| ३०३-१२।१४ | माने गहिरो कुल्छी ठुलीढुङ्गे सडक नि.उ.स | IRO construction Pvt.Ltd | सडक निर्माण | ८७३०००। |
| ३४६-१२।१९ | धुसेनी खेत कृषि सडक नि.उ.स | सुकुटे निर्माण सेवा | सडक निर्माण | ३३९०००। |
| ३४९-१२।२९ | डाँडाखेत गहते कृषि सडक नि.उ.स | खरेन्द्र सप्लायर्स प्रा.ली | सडक निर्माण | ४१२२५०। |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| ३६८-१।१३ | ढोक्पा रमिते बस्नेत टोल ग्रामिण उ.स | खरेन्द्र सप्लायर्स प्रा.ली | सडक निर्माण | २७६४५०। |
| ३७१-१।१४ | कर्कले ग्रामीण सडक नि.उ.स | खरेन्द्र सप्लायर्स प्रा.ली | सडक निर्माण | २४२५००। |
| ३८९-२।१२ | धुम्पाखर सडक नि.उ.स | अर्जुन पदम निर्माणसेवा | सडक निर्माण | १९४०००। |
| जम्मा | | | | ७२,३८,८९७। |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**ठोकर्पा भ्यू टावर निर्माण**

ठोकर्पा भ्यू टावर निर्माणका लागि मिति २०७६।१२।६मा कार्यादेश दिईएकोमा मिति२०७७।१०।२७मा कार्य सम्पन्न भएको ठेक्का बिलमा उल्लेख भएकोमा आ.ब ०७७।७८ मा नै कार्य सम्पन्न प्रतिबेदन तयार भएको पाइएन। अद्यावधिक काम रु१,३३,५४,८६२।३४ भएको तेश्रो तथा अन्तिम बिल पेश हुँदा भुक्तानी दिनुपर्ने रु८८,२६,९३२।मा नपुग भै रु२५,५१,४४४।आ.ब २०७८।०७९मा भुक्तानी बाँकी विवरणमा देखाएकोमा मिति २०७८।९।८मा रु ३५,६६,९३२।भुक्तानी भएकोले रु१०,१५,४८८।बढी भुक्तानी भएको देखिएकोले दाखिला गर्ने।

उक्त ठोकर्पा भ्यू टावर निर्माणका सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न अनुसार छन्ः

(क) सार्वजनिक निर्माण कार्य गर्दा उक्त स्थानको भू-बनावट माटोको अवस्था आदिका बारेमा अध्ययन नहुनु। (ख) सार्वजनिक खरिद नियमावली२०६४को नियम ११२मा बीस लाख भन्दा बढीको निर्माण कार्य अनिवार्य बिमा गराउनु पर्नेमा सो पालना नभएकोले पालिकालाई थप व्ययभार पर्न गएको छ। (ग)एकै स्थलको कार्य एकै प्याकेजमा गर्नुपर्नेमा निर्माण व्यवसायीबाट रु रु१,३३,५४,८६२।३ र उपभोक्ता समिति बाट रु२५,०४,१०२। काम हुनाले खर्च फरक,फरक भएको पहिचान गर्न र प्रतिस्पर्धात्मक एवं मितव्ययी भएकै छ भन्ने आधार नभएको। (घ)१७१.१४ घ. मीको उक्त ढुङ्गाको गार्ह्योको रु१६,२५,८३०।भुक्तानी भैसकेको मध्ये १४मी लम्बाई५मी उचाई रहेको उक्त ढुङ्गाको गार्ह्यो पल्टेको ठाउँमा सेर वाल लगाइएको हुँदा उक्त ठाउँको ढुङ्गाको पछी उपभोक्ता समितिले काम गर्दा उपयोग गरेर ढुङ्गाको खर्च कटाएको पनि आधार पेश नभएकोले उक्त खर्च नोक्सान भएको देखिएको रु १६२५८३० (ङ) ढुङ्गाको गार्ह्यो पल्टेको टाँउमा पुन: सोही काम गरेको भए पालिकाले खर्च व्यहोर्न नपर्ने थियो मजबुतीको सम्बन्धमा पहिलाको ईन्जीनियरीङ्ग फेल भएकोले कार्यालयले सेरवाल लगाउन लगाइएको र सोको ठेक्का बिल रु १९,८२,४४३।उठेकोमा रु१०,९९,६०३।मात्र भुक्तानी दिइएको छ।यस कार्यले दोहोरो रु१०,९९,६०३। खर्च हुन गएको देखिन्छ। भ्यू टावर संचालन,उपयोग र आर्जनको सम्बन्धमा कार्यविधि बनाउने भनिएकोमा बनेको पाइएन।सञ्चालनमा आएर के कति राजश्व उठ्यो र के कति दाखिला भयो सो सम्बन्धमा कुनै विवरण पेश भएन।</td><td>१,०१५,४८८</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**नर्म्स भन्दा बढी भुक्तानी**

सडक बिभाग बाट पारीत भएको नर्म्स अनुसार सडकमा प्रयोग हुने मेशिन (डोजरका)लागी प्रती घण्टा १४.४० लीटर डिजेल आबश्यक हुने गरी नर्म्स पारीत भएको छ। कार्यालयले पारीत नर्म्स भन्दा बढी मात्रामा डीजेल खर्चमाग हुंदा पनि निम्न अनुसारका उपभोक्ता समुहलाइ नर्म्समा उल्लेख भए भन्दा बढी भुक्तानी भएकोले दाखिला गर्नुपर्ने देखिएको रु

| भौ.नं मिति | उपभोक्ता समुह/भुक्तानी गर्ने निकाय | मेशिन घण्टा | डिजेल खर्च भुक्तानी ली | नर्म्समा खर्च गर्न मिल्ने ली | नर्म्स भन्दा बढी खर्च ली | बढी डिजेल खर्च मुल्य |
|---|---|---|---|---|---|---|
| १३५-९।६ | दुरदुर गैरा घडेरीबारी समूह | ५० | ९८२ | ७२० | २६२ | २९८६८ |

</td><td>२९,८६८</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**लागत सहभागिता**

पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष बिभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सडक नाली तथा बायोइञ्जिनियरिङ्ग<br>सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर तथा दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मतसम्भार सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भू–क्षय रोक्नका लागि बायो—इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो–इञ्जिनियरिङ्गको कार्य कुनै पनि योजनामा नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भू–क्षय तथा भू–स्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखत पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद<br>सार्वजनिक खरिद ऐन २०६३को दफा ८ ख २मा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुनेमा गाउँपालिकाको मिति २०७८।१०।२७को निर्णय अनुसार विनियोजित रकम बाट २९ जनालाई कृषि औजार(मिनि टीलर) खरिद गरी ७ वटै वडाका कृषकहरुलाई कृषिमा आबद्ध र गुजारा चलाएकालाई १/१ थान १०० प्रतिशत अनुदानमा नै उपलब्ध गराउने निर्णय गरी दिइएको छ, निर्णय अनुसार २ नं वडालाई उपलब्ध गराएको पाइएन।साथै १०० प्रतिशत अनुदान उपलब्ध गराउदा कृषक समुहलाई उपलब्ध गराई बढी भन्दा बढीलाई सहभागी गराउनुपर्नेमा व्यक्तिलाई बुझाउन उपयुक्त नदेखिएको।
<table>
<tr><th>भौ.नं/ मिति</th><th>आपुर्तक</th><th>मिनि टीलर</th><th>प्रतिगोटा मुल्य</th><th>जम्मा मुल्य</th></tr>
<tr><td>२७०-१२।२</td><td>ॐसत्य साई मेशिनरी कन्सर्न</td><td>९</td><td>५५०००।</td><td>४९५०००।</td></tr>
<tr><td>३५८-१२।३०</td><td>ॐसत्य साई मेशिनरी कन्सर्न</td><td>९</td><td>५५०००।</td><td>४९५०००।</td></tr>
<tr><td>४२४-१२.३०</td><td>ॐसत्य साई मेशिनरी कन्सर्न</td><td>९</td><td>५५०००।</td><td>४९५०००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१४,८५,०००।</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>अनुगमन<br>गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर विजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने</td><td>१,३७१,६५९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १० र ११ मा लाभग्राहीको नाम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी परिचय पत्र जारी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षामा रु ९३९३८४३३ निकासा भएकोमा लाभग्राहीलाई रु ९२२०८१२६ वितरण र रु ३५८६४८ कोलिनिका सिन्धुपाल्चोकको विनियोजन खातामा फिर्ता दाखिला भएको पाइयो ।कार्यालवाट प्राप्त रिभर्स फिड र गोसारा भौचर अनुसारको विवरण निम्न देखिएको ले कार्यालयले एकिन गरि फिर्ता गर्न बाकि रकम फिर्ता गर्नु पर्ने रु १३७१६५९
<table>
<tr><th></th><th>निकासा पहिलो किस्ता</th><th>लाभग्राहिको खातामा जम्मा</th><th>निकासा दोस्रो किस्ता</th><th>लाभग्राहिको खातामा जम्मा</th><th>निकासा तेस्रो किस्ता</th><th>लाभग्राहिको खातामा जम्मा</th><th>निकासा चौथो किस्ता</th><th>लाभग्राहिको खातामा जम्मा</th><th>जम्मा निकासा</th><th>जम्मा लाभग्राहिको खातामा भुक्तानी</th></tr>
<tr><td>शिन्धु विकास बैङ्क</td><td>१३९६३०२०</td><td>१३९४७०३३</td><td>१४००४१४७</td><td>१३९४६१६८</td><td>१४००५११४</td><td>१३९९५०२६</td><td>१४४१२९२५</td><td>१४३४६८८७</td><td>५६३८५२०६</td><td>५६२३५११४</td></tr>
<tr><td>लक्ष्मि विकास बैङ्क</td><td>९३४८७८८</td><td>७७८९९८२</td><td>९३१२८३६</td><td>९२९५२३०</td><td>९३८३३६०</td><td>९३७९५५७</td><td>९५०८२४३</td><td>९५०८२४३</td><td>३७५५३२२७</td><td>३५९७३०१२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>९३९३८४३३</td><td>९२२०८१२६</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>अनुसूची ५ तयार गर्नुपर्ने<br>२०७९/५/१३-कार्यालयले विभिन्न मितिमा सामाजिक सुरक्षा वापत रकम निकासा लिई लाभग्राहीलाई बैँक खाता मार्फत वितरण गरेको देखिन्छ तर कार्यालयले निस्कृय लाभग्राहीको विवरण अध्यावधिक नगरेको कारण लाभग्राही संख्या यकिन गर्न सकिएन।तसर्थ कार्यालयले समयमा नै निस्कृय लाभग्राहीको संख्या अध्यावधिक गरी निकासा भुक्तानी लिनुपर्ने देखिन्छ।साथै प्रथम,दोश्रो,तेश्रो र चौथो किस्ताको बैङ्क दाखिला पछी निस्कृय लाभग्राहीको संख्या अध्यावधिक गरी मृत्यु भएकाहरुको समयमै लगत कट्टा गरी विवरण एवं अनुसुची ५ तयार गरी राख्नुपर्नेमा सो राखेको पाइएन।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>निस्कृय खाता अध्यावधिक नगरेको<br>निस्कृय खाता र डोमि खाता कार्यालयले निस्कृय खाता अध्यावधिक नगरेको र डोमि खाताको विवरण उपलब्ध नभएकोले लाभग्राहीको संख्या र बैङ्क बाट फिर्ता आउन बाकि भएको रकम कार्यालयले एकिन गर्नुपर्ने ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>लाभग्राहीको नामावली नविकरण<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) बमोजिम नाम नविकरण नगरि विगत वर्षहरुमा भत्ता पाइ राखेकाहरुको नामावलीलाई नै नविकरण मानी भत्ता वितरण गर्ने गरेको देखिन्छ । पालिकाले लाभग्राहीहरुको नामावली कार्यविधीमा उल्लेखित भए बमोजिम नविकरण गराउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>रसिद ठेलीको प्रयोग<br>पालिकाले छपाई गरी प्राप्त भएको नगदी रसिद ठेली कुन वडामा के कति वितरण भयो सो को हिसाव रसिद नियन्त्रण खाता राख्नु पर्दछ । नगरपालिकाले रसिद नियन्त्रण खाता राख्ने गरेको देखिएन । साथै वितरण भएका रसिदबाट प्राप्त आम्दानी समयमै दाखिला गरेको प्रमाण समेत संलग्न गरी आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको नगदी रसिद फिर्ता लिनु पर्दछ । पालिकाले वितरण भएका सवै रसिद वर्षान्तमा प्राप्त गरी सम्पूर्ण आम्दानी दाखिला गरेको सुनिश्चित गर्नुपर्नेमा वडा कार्यालय र पालिकामा विभिन्न कर्मचारी लाई वुझाइएका नगदी रसिद आर्थिक वर्षको अन्त्यमा फिर्ता लिई नगदी रसिदबाट प्राप्त आम्दानी एकिन नगरेको हुँदा नगदी रसिदबाट प्राप्त सम्पूर्ण आम्दानी दाखिला भएको सुनिश्चितत गर्न सकिएन । त्यसैले पालिकाले नगदी रसिद ठेली आम्दानी खर्च र बाँकी स्पष्ट देखिने गरी अभिलेख राख्न र वितरण गरिएका सवै नगदी रसिद ठेली आर्थिक वर्षको अन्त्यमा फिर्ता लिई सवै रसिदको आम्दानी र दाखिला भिडाई नगदी रसिदबाट प्राप्त आम्दानी राजश्व दाखिला गरेको सुनिश्चित गर्नुपर्दछ ।</td><td></td></tr>
